# सिन्धुली र रामेछाप जिल्लास्थित विभिन्न आयोजनाहरुको

# स्थलगत अनुगमन भ्रमण प्रतिवेदन

(२०७१ फागुन ३० देखि चैत्र ४ सम्म)




(आ.ब.२०६४/६५ मा सञ्चालनमा आएको करिब १ करोड लागतमा सम्पन्न भएको सिन्धुली जिल्लाको जुनार शितभण्डार विगत २ वर्षदेखि बन्द अवस्थामा रहेको र हाल सो सगैं करिब ६ करोड लागतमा जुस कारखाना निर्माण गरी सगैं सञ्चालन गर्ने उद्देश्य रहेको)

<u>अनुगमनकर्ताहरु</u>

**श्याम प्रसाद भण्डारी, कार्यक्रम निर्देशक**
**राष्ट्रिय योजना आयोगको सचिवालय**

**गोकुल खड्का, कार्यक्रम निर्देशक**
**राष्ट्रिय योजना आयोगको सचिवालय**

## १. पृष्ठभूमि

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयद्वारा काभ्रे, सिन्धुली र रामेछाप जिल्लामा आयोजना गरिएको जिल्ला योजना अनुगमन तथा विश्लेषण प्रणाली (Distrct Planning Monitoring and Analysis System-DPMAS) सम्बन्धि तीनदिने अभिमुखिकरण तालिम कार्यक्रम (मिति २०७१ फागुन ३० देखि चैत्र ४सम्म) मा राष्ट्रिय योजना आयोगको सचिवालयका तर्फबाट सहभागी हुने अवसर प्राप्त भयो । कार्यक्रमपछिको बाँकी समयमा सिन्धुली र रामेछाप जिल्लाको DPMAS को कार्यान्वयनको अवस्था लगायत अन्य विभिन्न आयोजनाहरुको स्थलगत अवलोकन गर्नुका साथै स्थानीय निकायहरु, अन्य कार्यालयका प्रमुखहरुसँग र उद्योग बाणीज्य संघ समेतसंग अन्तरक्रिया समेत गरिएको थियो । यस प्रतिवेदनले अनुगमन भ्रमणका क्रममा संकलित सूचनाहरु, आयोजनाहरुको स्थलगत अवस्था, कार्यान्वयनमा देखिएका समस्याहरु र सोको समाधानका लागि अपनाउनुपर्ने उपायहरुलाई समेत समेटी सुझावहरु तयार गरेको छ ।

## २. जिल्ला योजना अनुगमन तथा विश्लेषण प्रणाली (DPMAS)

दशौं योजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि केन्द्रमा गरिबी अनुगमन तथा विश्लेषण प्रणाली (Poverty Monitoring And Analysis System-PMAS) र जिल्लातहमा जिल्ला गरिबी अनुगमन तथा विश्लेषण प्रणाली (Distrct Poverty Monitoring and Analysis System-DPMAS) ल्याईएको थियो । हाल यसलाई परिमार्जन गर्ने क्रममा गरिबी अनुगमनमा मात्र सीमित नगरी योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनलाई नतिजामूलक बनाउने उद्देश्यले यसको दायरालाई अझ व्यापक बनाई गरिबी शब्दको ठांउमा योजना (Poverty को सट्टा Planning) राखी ७५ वटै जिल्लामा कार्यान्वयनमा ल्याउन लागिएको छ । Online प्रणालीमा आधारित DPMAS जिल्लास्थित विभिन्न सूचकहरुको अवस्था दर्शाउने आधार तथ्याकं सिर्जना गर्ने Software हो । यो पूर्णरुपमा कार्यान्वयनमा ल्याउन सकिएको खण्डमा जिल्लातहमा सूचना बैंक तयार हुने, आवधिक जिल्ला विकास योजनालाई नतिजामूलक बनाउन आधार तयार हुने र विषयगत कार्यालयहरुका लागि पनि एकिकृत रुपमा जिल्लातहको सूचना उपलब्ध हुने हुन्छ ।

**स्थलगत अध्ययनका क्रममा देहाय वमोजिमका क्रियाकलापहरुमा सहभागी तथा अवलोकन गरिएको छः**

(क) धुलिखेलमा आयोजित DPMAS सम्बन्धी अभिमुखीकरण तालिम कार्यक्रम



DPMAS को पछिल्लो परिमार्जित Online Software मा Data Entry कसरी गर्ने DPMAS सम्बन्धमा विभिन्न निकायको भूमिका र दायित्व के हुने, उपलब्ध Data को विश्लेषण कसरी गर्ने, यसको प्रयोग आवधिक जिल्ला विकास योजना र वार्षिक योजनामा कसरी गर्ने र विषयगत कार्यालयहरुले DPMAS को प्रयोग कसरी गर्ने र गर्नुपर्ने सहयोगको बारेमा राष्ट्रिय योजना आयोगको सचिवालय र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयद्वारा काभ्रे, सिन्धुली र रामेछापमा अभिमुखिकरण तालिम कार्यक्रम सञ्चालन गरिएको थियो । जसको आर्थिक सहयोग SMES II बाट गरिएको थियो ।

(ख) सिन्धुलीमा आयोजित DPMAS सम्बन्धि अभिमुखिकरण तालिम कार्यक्रमका सहभागिहरु



DPMAS दशौं योजनाको कार्यान्वयन सगैं जिल्लातहमा कार्यान्वयनमा ल्याईएको भए पनि सिन्धुली जिल्लामा यसको प्रभावकारी कार्यान्वयन हुन सकेको पाईएन । विषयगत कार्यालयहरुले पठाएका तथ्याकं तथा सूचनाहरु जिल्ला विकास समितिमा ल्याएर इन्ट्रि गर्नुपर्ने, विषयगत कार्यालयहरुबाट पठाईएको सूचना तथा तथ्याकं DPMAS को Format र सूचक अनुसार नभएको हुंदा केही तथ्यांकहरु प्रविष्ट भए पनि यो प्रयोगमा आउन सकेको पाईएन ।

(ग) रामेछापमा आयोजित DPMAS सम्बन्धी अभिमुखीकरण तालिम कार्यक्रमका सहभागीहरु




रामेछाप जिल्लामा पहिलो आवधिक जिल्ला विकास योजना बनिसकेको र आ.व. २०७०/७१ देखि आ.व.२०७४/७५ सम्मको ५ वर्षे दोश्रो आवधिक जिल्ला विकास योजना कार्यान्वयनमा आएको पाईयो । तर योजना तर्जुमाका लागि DPMASआधार तथ्याकंको रुपमा प्रयोग हुन सकेको पाईएन ।

हाल परिमार्जित स्वरुपमा ल्याईएको Online Data Entry System ले विषयगत कार्यालयहरु स्वयमले DPMAS को Software मा Data Entry गर्नुपर्ने भएकाले आधार तथ्याकं खडा गर्न पहिले जस्तो समस्या नहुने देखिन्छ । तर ७५ वटै जिल्लामा यस सम्बन्धी अभिमुखीकरण तालिम सञ्चालन गरी छिट्टै कार्यान्वयनमा ल्याउन जरुरी देखिन्छ । किनकी आधार तथ्याकं खडा भएपछि मात्र आवधिक जिल्ला विकास योजनालाई नतिजामुखी बनाउने आधार तय हुन्छ ।

(घ) सिन्धुली र रामेछापमा सञ्चालनमा रहेको DPMAS को कार्यान्वयनको अवस्थाबारे कार्यक्रम अधिकृत तथा कम्प्युटर अपरेटरसंग गरिएको छलफल



(सिन्धुली जिल्लामा गरिएको छलफल)



(रामेछाप जिल्लामा गरिएको छलफल)

**सिन्धुलीः** पुरानो Version को DPMAS मा गतवर्षदेखि Data Entry गर्न शुरु गरियो । कृषिले Dataपठाएको तर गा.वि.स.अनुसारको पठाउन नसकिने भनेको । कृषि, बन, पशु, शिक्षा र स्वास्थ्यको केही सूचना गत साल प्रविष्ट गरिएको तर प्रयोगमा ल्याउन सकिने खालको भएन । सिन्धुलीको DPMAS को लागि UNFPA ले समेत सहयोग गरेको थियो । आवधिक जिल्ला विकास योजना हालसम्म बन्न सकेको छैन ।

**रामेछापः** DPMAS २०६७ सालबाट शुरु भएको भए तापनि २०६८ देखि काम शुरु गरियो तर निरन्तरता हुन सकेन । Origin Data DPMAS अनुरुपको भएन विषयगत कार्यालयहरुले आफुसंग भएका सूचना मात्रै पठाए DPMAS मा उल्लेखित सूचक अनुरुपका Data पठाएनन त्यही भएर Entry गर्न समस्या भयो । गत बर्ष DPMAS Update गर्ने भनेर रु.१ लाख छुट्याईएको थियो तर खर्च हुन सकेन । SMES II ले जिल्लामा २ पटकसम्म DPMAS सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरेको थियो । पछिल्लो परिमार्जित नयां Version आउँदैछ भन्ने भएपछि पुरानो गरिरहेको काम रोकिएको छ ।

## ३. स्थलगत अनुगमन गरिएका अन्य आयोजनाहरु

### क) जुनार शितभण्डार आयोजनाः

सिन्धुली जिल्लाको सदरमुकामबाट करिब २ कि.मि.को दुरीमा रहेको जापान सरकारको सहयोगमा निर्मित ५०० मे.टन क्षमता भएको जुनार शीत भण्डार विगत दुई वर्षदेखि बन्द अवस्थामा रहेको पाइयो । विजुली

उपलब्ध हुन नसकेको कारण सञ्चालन हुन नसकेको भनिएको भए तापनि भण्डारण गर्ने जुनारको पनि कमी रहेको बुझियो ।




**(आ.ब.२०६४/६५ मा सञ्चालनमा आएको करिब १ करोड लागतमा सम्पन्न भएको सिन्धुली जिल्लाको जुनार शितभण्डार विगत २ वर्षदेखि बन्द अवस्थामा रहेको र हाल सोसगैं करिब ६ करोड लागतमा जुस कारखाना निर्माण गरी सगैं सञ्चालन गर्ने उद्देश्य रहेको)**

### ख) जुनार जुस कारखाना निर्माण

जुनार शीत भण्डार रहेकै ठांउमा हाल करिब ६ करोडको लागतमा जुनार जुस कारखाना निर्माण भईरहेको छ । करीब २ करोड पर्ने मेशिन उपकरण खरिदका लागि सूचना प्रकाशित भईसकेको छ । उक्त जुस कारखाना निर्माणका लागि कृषि विकास मन्त्रालयबाट ६० लाख अनुदान प्रदान गरिएको, स्थानीय कृषकहरुबाट करीब रु ११ लाख संकलन भएको र उद्योगपति सुरज बैद्यको रु १ करोड लगानी भएको हुंदा जुस कारखाना राम्ररी सञ्चालन हुने र सो संगै बन्द रहेको शीत भण्डार पनि सञ्चालनमा आउने आशा तथा विश्वास सिन्धुली उद्योग बाणिज्य संघ र कृषकहरुको रहेको पाईयो । तर जिल्ला कृषि विकास कार्यालयको तथ्यांक अनुसार सिन्धुली जिल्लामा गत साल जम्मा १२०० हे. जग्गामा ८०० मे. टन जुनार उत्पादन भएको र सो परिमाण स्थानीय बजारमा नै सजिलै खपत भएको भन्ने जानकारीले नयां बन्ने

जुनार जुस कारखाना र शितभण्डारलाई सञ्चालन गर्न जुनार खेती गर्न बाँकी क्षेत्रहरुमा जुनार खेती गर्नुपर्ने देखिन्छ ।



(सिन्धुली उद्योग वाणिज्य संघमा गरिएको अर्न्तक्रिया)

जुनार शीत भण्डारलाई राम्ररी सञ्चालन गर्न नसकिरहेको अवस्थामा सिन्धुली उद्योग बाणिज्य संघले आफ्नो समेत लगानीमा पुनः जुनार जुस कारखाना सञ्चालन गर्ने जोखिम लिएको देखिन्छ । जुनारको उत्पादन हालको अवस्थामा दोब्बर जस्तो बढाउनुपर्ने, बन्द रहेको शीत भण्डारणलाई सञ्चालनमा ल्याउनु पर्ने र बाह्रैमास जुस उद्योग सञ्चालनमा ल्याउन थप कच्चा पदार्थका लागि अन्य जिल्लाहरुमा समेत जुनार लगायत अन्य फलफुल खेती गर्न प्रोत्साहनमूलक कार्यक्रम ल्याउनु पर्ने देखिन्छ ।

## ४. स्थलगत अनुगमनका क्रममा अन्तरक्रिया तथा अवलोकन गरिएका अन्य विषयहरु

(क) सिन्धुली जिल्लाको कृषि विकास कार्यालय र जिल्ला पशु सेवा कार्यालयले सञ्चालन गरेका विभिन्न कार्यक्रमहरुको बारेमा कार्यालय प्रमुखबाट जानकारी प्राप्त गरियो ।



(जिल्ला कृषि विकास कार्यालय सिन्धुलीमा भएको छलफल)



(जिल्ला पशुसेवा कार्यालय सिन्धुलीमा भएको छलफल)

(ख) सिन्धुली जिल्ला कृषि विकास कार्यालय र जिल्ला पशुसेवा कार्यालयबाट विभिन्न शीर्षकमा नगद अनुदान वितरण गर्ने कार्यक्रमहरुको कार्यालय परिसरमा सार्वजनिक गरिएको नगद अनुदानको विवरणहरु ।




(फोटोः सिन्धुली जिल्लामा कृषि विकास कार्यलय र पशु सेवा कार्यालयबाट वितरण गरिएको नगद अनुदानको विवरण )

(ग) जिल्ला कृषि विकास कार्यालय सिन्धुलीबाट युवा लक्षित स्वरोजगार कार्यक्रम अन्तर्गत वितरण गरिएको नगद अनुदान रु ४०,०००।- बाट सञ्चालित तरकारी खेती, अर्को रु ४०,०००।- अनुदानबाट गरिएको च्याउ खेती र रु ७,००,०००।- नगद अनुदानबाट निर्माण गरिएको स्क्रिन हाउसको तस्वीरहरु ।










१२४ जना कृषकलाई वितरण गर्नुपर्ने नगद अनुदानका लागि जम्मा ८१२ जनाको निवेदन परेको थियो । जसमध्ये तरकारी खेतीका लागि ६० जना कृषक छनौटका लागि ५०४ कृषकको निवेदन परेको, २० जना च्याउ खेतीका लागि ७४ जनाको निवेदन परेको, ४ जना माछाखेतीका लागि ५३ जनाको निवेदन परेको र ४० जना मौरीपालनका लागि १८१ जना कृषकको निवेदन परेको थियो । जम्मा ८१२ वटा निवेदनबाट १२४ जना कृषक छनौट गर्नका लागि जिल्ला कृषि विकास कार्यालय सिन्धुलीलाई निक्कै समस्या परेको जानकारी गराईएको थियो ।

(घ) सिन्धुली जिल्लामा थप जुनार खेती गर्नका लागि नयां वेर्ना उमार्ने कार्यमा लागेका किसानहरुसंगको छलफल अर्न्तक्रिया र धनकुटा पाख्रीबासबाट सिन्धुलीमा ल्याईएको बाह्रैमास रुपमा फल्ने भ्यालेन्सिया जातको चैत्र महिनामा फलिरहेको (एकजना किसानकोमा जम्मा २ बोटमात्र रहेको, यसजातको जुनारको खेती बढाउनुपर्ने देखिन्छ) जुनारको बोटको तस्विरहरु ।





(ड.) जिल्लामा ढिलो अख्तियारी पठाउने प्रक्रिया अझै पनि कायमै रहेको पाईयो ।



जिल्ला कृषि विकास कार्यालय सिन्धुलीमा कृषि विकास मन्त्रालयबाट आ.व.२०७१/७२ को लागि मिति २०७१/११/२९ मा पुगेको दीर्घकालीन कृषि योजना अनुगमन समन्वय कार्यक्रमका लागि पठाईएको रु २ लाखको एक अख्तियारी पत्र । अनुगमन टोली पुगेकै दिन आइपुगेको अख्तियारी पत्रमा कार्यालय प्रमुखले लेखा शाखालाई आवश्यक कारवाहीका लागि मिति ११/२९ मा तोक लगाएको पाइयो ।

(च) रामेछाप जिल्लाको कृषि गणना २०६८ को नतिजा प्रस्तुत गरिएको कार्यक्रममा सहभागी हुने अवसर प्राप्त भयो । उक्त नतिजामा केही यस्ता तथ्यहरु सार्वजनिक भएको पाईयो जसले स्थानीय कार्यालयहरुसंग भएको तथ्याकंसग मेल नखाएको अवस्था देखियो ।






## ५. स्थलगत भ्रमणका क्रममा देखिएका प्रमुख सवालहरु

### *५.१ DPMAS सम्बद्ध सवालहरु:*

(क) DPMAS जिल्ला विकास समितिको नेतृत्वदायी भूमिका र सहयोगमा संचालन गरिएको भए पनि यसलाई जिल्ला विकास समितिले उचित रुपमा स्वामित्व ग्रहण गरेको पाईएन । यसैगरी विषयगत कार्यालयहरुले पनि यसमा सहयोग गरेको अवस्था पाईएन ।

(ख) DPMAS को पछिल्लो परिमार्जित Online Entry System भएको Software संचालन गर्न आबश्यक क्षमताको विकास गर्न ७५ वटै जिल्ला विकास समिति लगायत विषयगत कार्यालयहरुलाई अभिमुखिकरण गर्नुपर्ने भएकाले DPMAS लाई पूर्णरुपमा कार्यान्वयनमा ल्याउन अझै पर्याप्त समय, साधन श्रोतको आवश्यक पर्ने देखिएको ।

### *५.२ जुनार शितभण्डार आयोजना र जुनार जुस कारखाना निर्माण सम्बन्धी सवालहरु*

सिन्धुली उद्योग बाणिज्य संघ, जिल्ला कृषि विकास कार्यालय, जुनार सहकारीका सदस्य तथा किसानहरुसंग जुनार शीतभण्डार र जुनार जुस कारखानाका वारेमा गरिएको छलफलका आधारमा देहाय वमोजिम सवालहरु रहेको पाइयो ।

(क) जापान सरकारको सहयोगमा निर्माण भएको जुनार शितभण्डार लोडसेडिगंको समस्याका कारण जेनेटर सञ्चालन गर्दा लागत बढि हुने र जुनार पर्याप्त उत्पादन हुन नसक्दा सञ्चालन हुन नसकि विगत दुई वर्षदेखि बन्द अवस्थामा रहेको ।

(ख) भईरहेको जुनार शितभण्डारलाई पूर्ण क्षमतामा सञ्चालनमा ल्याउन नसकिरहेको अवस्थामा जुनार उत्पादन बढाउने कार्यक्रमको अभावमा ६ करोड लगानीको जुनार जुस कारखाना निर्माण गर्ने अर्को महत्वाकांक्षी परियोजना सञ्चालन गर्न चुनौतिपूर्ण देखिएको ।

(ग) जुनार उत्पादन सिजनल रुपमा हुने हुंदा जुस कारखानालाई बाह्रै महिना सञ्चालन गर्ने सम्बन्धमा कुनै पूर्व तयारी नरहेको ।

*५.३ नगद अनुदान वितरण सम्बन्धी सवालहरु*

(क) नगद अनुदान वितरणको व्यवस्थापन गर्न कार्यालयको समय अत्यन्तै खर्च हुने गरेको, निर्धारित मापदण्ड पुऱ्याएर वितरण गर्न पनि कठिनाई हुने गरेको र पाउने भन्दा नपाउनेहरुको संख्या अत्यधिक भएकाले नपाउनेको असन्तुष्टीले कार्यक्रम सञ्चालनमा बाधा उत्पन्न भएको ।

*५.४ तथ्यांकीय नतिजा सम्बन्धी सवालहरु:*

जिल्ला कृषि विकास कार्यालय रामेछापको तथ्याकं अनुसार जिल्लामा जुनार उत्पादन बढदै गएको देखाएको तर कृषिगणनामा जुनार खेतीको क्षेत्रफल धेरै घटेको देखिएको ।

**कृषिगणना २०६८ बाट प्राप्त रामेछाप जिल्लाको मुख्य नतिजाहरु**

**स्थायी बाली लगाएका कृषकपरिवारको संख्या तथा बाली लागेको क्षेत्रफल**

| बाली | कृषक परिवार संख्या | | क्षेत्रफल (हे.) | |
|---|---|---|---|---|
| | २०५८ | २०६८ | २०५८ | २०६८ |
| जुनार | १४२६ | ४६८० | २८९.० | ४५.९ |
| आँप | ६६ | २१८२ | ० | १३.५ |
| सुन्तला | २२ | ११०४ | ०.१ | १०.८ |
| कागती | ३०७ | २१३० | २.२ | ५.६ |
| केरा | ३०७ | ४८९१ | ०.८ | ८.४ |

(क) कृषिगणना २०६८ अनुसार रामेछाप जिल्लाको मुख्य नतिजाहरुमा जुनार खेती गर्ने कृषक परिवार संख्या २०५८ सालमा १४२६ रहेकोमा २०६८ मा बढेर ४६८० पुगेको तर जुनार खेती गर्ने क्षेत्रफल भने २८९ हेक्टरबाट घटेर ४५.९ हे. मा झरेकाले जुनार उत्पादन बढाउने कार्य र रामेछाप जिल्लामा हुने जुनार उत्पादनलाई समेत आधार मानी सिन्धुलीमा निर्माण गर्न लागिएको जुनार जुस कारखानालाई चाहिने कच्चा पदार्थको उत्पादन क्षेत्रफल भने घट्दो रहेको पाइयो ।

## ६. निष्कर्ष तथा सुझावहरु

यस अनुगमन भ्रमणका क्रममा सिन्धुली र रामेछाप जिल्लाका स्थानीय निकाय, विषयगत कार्यालय तथा स्थानीय सरोकारवालाहरुसंग भएको अन्तरक्रिया र स्थलगत अवलोकनका आधारमा पाइएका तथ्यहरुका आधारमा निम्न वमोजिम निष्कर्ष निकालिएको छ:

(क) DPMAS जिल्लास्तरीय योजना तर्जुमा प्रक्रियालाई नतिजामूलक बनाउने आधार तथ्याकं भएको भएता पनि हालसम्म संस्थागत हुन नसकेको । संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले DPMAS कार्यान्वयन कार्ययोजना बनाई कार्यान्वयन नगरेको ।

(ख) DPMAS का सम्बन्धमा जिल्ला विकास समिति र विषयगत कार्यालयहरुमा स्वामित्ववोधको अभाव रहेकाले DPMAS को प्रभावकारिता तथा दिगोपना कायम हुन नसकेको ।

(ग) DPMAS को पछिल्लो परिमार्जित Online Entry System भएको Software संचालन गर्न जिल्लातहको क्षमता विकास प्रमुख समस्याका रुपमा देखिएको ।

(घ) विषयगत मन्त्रालयहरुले पनि मातहतका निकायलाई DPMAS सम्बन्धमा आवश्यक निर्देशन गरी सहयोग गर्नुपर्ने देखिएको ।

(ङ.) जुनार शितभण्डार र जुनार जुस कारखानालाई राम्ररी सञ्चालन गर्नका लागि तत्कालै सिन्धुली र रामेछाप जिल्लामा जुनार लगायत अन्य सम्भावित फलफूल उत्पादन बढाउने कार्यक्रमहरु लागु गर्नुपर्ने देखिएको ।

(च) कृषि मन्त्रालयबाट उपलब्ध गराउँदै आएको नगद अनुदानलाई व्यवस्थित गर्नुपर्ने देखिएको ।

### समस्या समाधानका लागि सुझावहरु

(क) DPMAS बाट जिल्लास्तरीय योजना तर्जुमा प्रक्रियालाई नतिजामूलक बनाउने आधार तथ्यांक उपलब्ध हुने भएकाले यसलाई ७५ वटै जिल्ला तहमा अविलम्व संस्थागत गर्नुपर्ने देखिएको छ । आगामी आ.ब.देखि जिल्लास्तरीय कार्यक्रमहरु समावेस गरी वार्षिक विकास कार्यक्रम भाग २ आयोगबाट ननिकाल्ने निर्णय भैसकेको सन्दर्भमा सहभागितामूलक योजना प्रक्रियालाई थप विश्वसनीय र नतिजामूलक बनाउनु पर्ने भएकाले सबै विषयगत मन्त्रालयहरुलाई DPMAS सम्बन्धी जानकारी गराई जिल्लास्तरीय आवधिक तथा वार्षिक योजना प्रक्रियालाई प्रभावकारी बनाउनु पर्ने । यसका लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले DPMAS  कार्यान्वयन कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्ने ।

(ख) स्थानीय तहमा संचालन हुने सबै कार्यक्रमहरुको समन्वय गर्ने जिम्मेवारी जिविसको भएकाले त्यस्ता कार्यक्रमहरुलाई आवधिक तथा बार्षिक योजनामा समावेस गर्ने र कार्यक्रमहरुको नियमित अनुगमन

तथा समन्वय गर्नका लागि DPMAS लाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउन जिविसहरुलाई संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट निर्देशन दिनुपर्ने ।

(ग) DPMAS को पछिल्लो परिमार्जित स्वरुप Online Entry System भएको Software संचालन गर्न जिल्लातहको क्षमता विकासका लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले थप कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने, राष्ट्रिय योजना आयोग र विषयगत मन्त्रालयहरुले पनि मातहतका निकायलाई आवश्यक निर्देशन तथा सहयोग गर्नुपर्ने ।

(घ) जुनार शितभण्डार र जुनार जुस कारखानालाई राम्ररी सञ्चालन गर्नका लागि तत्कालै सिन्धुली र रामेछाप जिल्लामा जुनार तथा अन्य सम्भावित फलफूलको उत्पादन बढाउने कार्यक्रमहरु लागु गर्नुपर्ने देखिएको । यसका लागि सरकारी, निजी तथा सहकारी क्षेत्र समेतलाई परिचालन गर्ने गरिी साझेदारीका कार्यक्रहरु सञ्चालन गर्नुपर्ने ।

(ङ.) कृषिगणना २०६८ अनुसार रामेछाप जिल्लामा जुनार उत्पादन क्षेत्र घटेको देखिएको र सिन्धुली जिल्लाको जुनार शीतभण्डार र जुनार जुस कारखानालाई पूर्णरुपमा सञ्चालनमा ल्याउन सिन्धुली र रामेछाप जिल्लामा जुनार उत्पादन बढाउने र अन्य जिल्लामा समेत जुनार लगायत फलफुल खेती बढाउनेतर्फ सार्वजनिक निजी साझेदारीका कार्यक्रहरु सञ्चालनमा ल्याउनुपर्ने ।

(च) नगद अनुदान उपलब्ध गराउनु भन्दा मागमा आधारित सहुलियत ऋणको व्यवस्था गर्न सकिएको खण्डमा अनुदानमा जाने रकमलाई अन्य उत्पादनमूलक क्षेत्रमा लगाउन सकिने ।